आज मिति २०७५/१२/१२ गते मंगलवारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा उप प्रमुख,वडा अध्यक्ष तथा कार्यपालिका सदस्य ज्यूहरुको निम्न अनुसारको उपस्थितिमा कार्यपालिकाको बैठक वसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल वमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| सि.न | पद | नामथर | उपस्थिति |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | |
| २ | उप प्रमुख | श्रीमती तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त वहादुर बलम्पाकी | |
| ९ | वडा अध्यक्ष (७) | युबराज उप्रती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | वेद वहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी | |

| | | | |
|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | ठेढ कुमारी दाहाल | |
| १६ | कार्यपालिका सदस्य | रेणु हेन्जन | |
| १७ | कार्यपालिका सदस्य | सीता भित्रीकोटी | सीता |
| १८ | कार्यपालिका सदस्य | अनिता परियार | अनिता |
| १९ | कार्यपालिका सदस्य | राजदेव ठाकुर | |
| २० | कार्यपालिका सदस्य | गुलाब ठाकुर | |
| २१ | कार्यपालिका सदस्य | देवी वहादुर तोलांगे | |
| २२ | नि.प्रमुख प्रशासकीय अधिकृत ( सचिव) | राम कुमार कार्की | |
| | | सहयोगी कर्मचारी | |
| १ | ना.सु | शिवशंकर प्रसाद सिंह | |
| २ | स.क. अ | संजिब प्रसाद घिमिरे | |
| ३. | का. स. | [redacted] भावना ठाकुर | |
| ४. | ई. | ज्ञानेन्द्र कुमार देव | |
| ५. | अ. ई. | मनिता [illegible] | |

# मिथिला नगरपालीका ,नगर कार्यपालीकाको बैठकको
## प्रस्ताव तथा निर्णयहरु

## मिति २०७५।१२।१२

**निर्णय नं १ :-**
यस मिथिला नगरपालिका नगर कार्यपालिकाको विशेष नगर सभा मिति २०७५।१२।१८ गते सोमवारका दिन दिनको ११.०० वजे देखि स्वास्थ्य चौकी ढल्केवरको सभा हलमा वस्ने निर्णय गरियो ।

**निर्णय नं २ :-**
यस मिथिला नगर कार्यपालिकाको कार्यालयमा प्राप्त राष्ट्रपति चुर मधेशको वजेट रु ५ करोड २६ लाख ४७ हजारको योजना सम्पादन गर्नको लागि स्थान छनोट गरी कार्यक्रमको शुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :-**
यस मिथिला नगरपालिकाको आ.व. ०७४।०७५ मा विनियोजित रकमबाट मिथिला नगरपालिका वडा नं. ९ मा सडक वोर्ड नेपालबाट प्राप्त रकम र यस कार्यालयबाट थप गर्नु पर्ने रकम समेतबाट सडक मर्मत तथा नाला निर्माण भईसकेको सो को भक्तानी गर्ने र यसै गरी गत आ.व.मा थालनी भई यस आ.व.मा समेत योजना दोस्रो नगर सभाबाट सरी आएको योजना वाहुनमारा तुलसी सडक योजना सडक निर्माणको कार्य समेत सम्पन भई सकेकोले भुक्तानी दिने र हाल सम्म उपभोक्ता समिति मार्फत सम्पन्न भएका अन्य सबै योजनाहरुको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ४ :-**
यस मिथिला नगरपालिका वडा नं. ४ पुष्पवलपुर स्थित रहेको चमिनी खोला र जलाद खोलामा तटवन्धन तथा ग्याङ्गी वाध गर्न नगर स्तरियायोजना शि.नं. ४ को भिजको बाटो निर्माण लागि विनियोजित रकम रु. १० लाख, चुरे क्षेत्र जलाधार संरक्षण कार्यक्रमको लागि विनियोजित रकमबाट रु २० लाख र नगर सभाबाट थप रकम रु २० लाख माग गरी जम्मा रु ५० लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :-**
यस मिथिला नगरपालिका ढल्केवर चोक स्थित रहेको पार्क भित्र रित्तिक मिडिया प्रा.लि.लाई ३०x१० साइजको पोल वोर्ड राख्न प्रति वर्ष रु ५१ हजार का दरले ५ वर्षका लागि अनुमाति दिने निर्णय गरियो ।

**निर्णय नं ६ :-**
यस मिथिला नगरपालिकाको विषेश नगर सभा संचालनमा कार्यकम तथा योजना समावेश गर्न निम्न वमोजिम समिति छनौट गर्ने निर्णय गरियो ।

तपसिल

१ श्री सविन विक्रम थापा - वडा अध्यक्ष
२. श्री राम एवाल महतो - वडा अध्यक्ष
३. श्री दिपकजंग थापा - वडा अध्यक्ष
४. श्री ठेट कुमारी दाहाल - कार्यपालिका सदस्य
५. श्री राम कुमार कार्की - नि.प्रमुख प्रसाशाकीय अधिकृत
६. श्री फविन्द्र पन्थी - लेखापाल
७. श्री संजिव प्रसाद घिमिरे - कम्प्यूटर अपरेटर

**निर्णय नं ७ :-**
यस मिथिला नगरपालिकामा प्राप्त राष्ट्रपति चुरे मधेश कार्यकमको रकमबाट वाडफाड भएको योजनाहरु सम्पादन गर्न सम्वन्धित वडा संग समन्वय गरी उपभोक्ता समितिबाट हुन नसक्ने योजनाहरु बोलपत्र तथा अन्य प्रक्रियाबाट कार्य सम्पादन गर्ने निर्णय गरियो ।

मिथिला नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय ढल्केवर, धनुषा प्रदेश नं २, नेपाल

हरि नारायण महतो
नगर प्रमुख

**निर्णय नं ८:-**

मिथिला नगरपालिका वडा नं. ३ बस्ने देवनारायण रसाइलीको घरमा केही समय पहिला आगलागी भएकोले निजलाई नगर विपद् व्यवस्थापन कोषबाट रु. २० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ :-**

यस मिथिला नगरपालिका वडा नं. ६ स्थित महेन्द्र राजमार्ग देखि निर्माधिन अवस्थामा रहेको आँखा अस्पताल सम्म पि.पि.सि. ढलान गर्न लागत अनुमान तयार गरी लागत अनुमान अनुसारको रकम विनियोजित गर्ने निर्णय गरियो ।

**निर्णय नं १० :-**

जनक राजमार्गको सडकको जग्गामा पर्ने सोलार वत्तिको पोल तथा विधुत पोललाई व्यवस्थापन गर्न र नगरपालिका क्षेत्र भित्र रहेका सोलार वत्तिलाई मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ :-**

यस मिथिला नगरपालिकाको आ.व.०७५।०७६ को लागि नगर सभाबाट स्वीकृत नगर स्तरिय योजना शि.नं. १०.३ यात्री रिफ्रेस सेन्टरका लागि विनियोजित रकम रु २० लाख मध्येबाट ट्राफिक कार्यालय व्यवस्थापनलाई रु ८ लाख र बाँकी रहेको रकम रु १२ लाख यात्री रिफ्रेस सेन्टरका लागि विनियोजित गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ :-**

यस बटेश्वर गाँउपालिका कार्यरत रही मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कामकाज गर्न थप जिम्मेवारी पाउनु भएका नि.प्रमुख प्रशासकीय अधिकृत राम कुमार कार्कीलाई थप काम गरे बापत खाईपाई आएको तलबको २५ प्रतिशतले हुन आउने रकम प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १३ :-**

यस मिथिला नगरपालिका अर्न्तगत रहेका वडाहरुका दायित्ववोध गर्न प्रत्येक वडाका वडा सचिवहरु कम्प्यूटर तालिम लिई अनलाइन इन्ट्रि तथा सम्पूर्ण कार्य कम्प्यूटरद्धारा कार्य सम्पादन गर्न यस कार्यालयले प्रत्येक वडामा प्रत्राचार गरी जानकारी गराउने र अन्यथा तालिम नलिइ आलटाल गरेमा कम्प्यूटर सहयोगी खटाइ खाईपाई आएको आफनो तलव भत्ताबाट निजलाई सेवा सुविधा दिई कामकाज गराउने र लेखा शाखामा थप नेटको जडान गरी कार्य सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ :-**

यस नगरपालिकाका जनप्रतिनिधी र कर्मचारीहरु समेत सवैले व्यक्तिगत स्थायी लेखा नम्बर परिचय पत्र (Pan Number) अनिर्वाय लिनु पर्ने निर्णय गरियो ।

**निर्णय नं १५ :-**

यस मिथिला नगरपालिकाको आ.व. २०७५।०७६ लागि स्वीकृत योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत गर्न सकिने योजना तथा कार्यक्रमहरु मिति २०७५।१२।२० गते सम्म सम्झौता गरी सक्ने निर्णय गरियो ।

**निर्णय नं १६ :-**

यस मिथिला नगरपालिकाको नगर सभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु परिर्वतन गर्नु पर्ने भएमा मिति २०७५।१२।१६ गते सम्म पत्रबाट जानकारी गराई मिति २०७५।१२।१८ गतेको नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ :-**

यस मिथिला नगरपालिकाको सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थापन तथा अधावधिक गर्नका लागि समाजिक सुरक्षा शाखाका संयोजक वडा नं. १० का अध्यक्ष श्री सविन विक्रम थापालाई ताक्ने निर्णय गरियो ।

**निर्णय नं १८ :-**

यस मिथिला नगरपालिकाको मिति २०७५।११।१७ गतेको M-WASH-CC को वैठक निर्णय पढीवाची अनुमोदन गर्ने निर्णय गरियो ।

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनुषा प्रदेश नं २, नेपाल

हरि नारायण महतो
नगर प्रमुख

निर्णय नं १९ :-
यस मिथिला नगरपालिकाको विपद् व्यवस्थापन कार्यविधि र अति विपन्न परिवारहरुलाई गरिने सहयोग निर्देशिका २०७५ लाई छलफल गरी अनुमोदन तथा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २० :-
युनिसेफ नेपाल र मिथिला नगरपालिका विच सम्झौता भई संचालित सवैका लागि सरसफाई तथा खानेपानी तिव्रता कार्यक्रम अन्तर्गत(Water Safe Community) वडा नं. ३ को हरिहरपुर टोलमा संचालन हुने खानेपानी योजनामा जम्मा लागतको……… प्रतिशत रकम नगरपालिकाबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं २१ :-
यस मिथिला नगरपालिका हरिहरपुरमा सरसफाई परिचय पत्र न.पा (वडा) बाट सेवा प्रदान गर्ने सम्पूर्ण सेवा, सुविधा, सिफारिसहरुमा अनिर्वाय प्रतिलिपि संलग्न गर्ने र कार्ड १० दश हजार छपाई कालागि रु ५० हजार वजेट विनियोजिन गर्ने निर्णय गरियो ।

निर्णय नं २२ :-
यस मिथिला नगरपालिका अन्तर्गत हरिहरपुर स्थित प्रत्येक घर धुरीहरुमा शौचालय प्रयोगमा छ छैन सो को अनुगमन गर्नको लागि खानेपानी तथा सरसफाई शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं २३ :-
मिथिला न.पा. वडा नं ११ तुलसीमा रहेको रा.अ विधालयलाई वाल निर्माण गर्न रु. २,५०,०००।०० (अक्षेरुपी दुई लाख पचास हजार मात्र) न.पा बाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं २४ :-
मिथिला न.पा. वडा नं ३ हरिहरपुरमा अशोक वाटीका नजिक अधुरो भवन सम्पन्न गर्न रु. ३,००,०००।०० (अक्षेरुपी तिन लाख मात्र ) विनियोजन गर्ने निर्णय गरियो ।

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय ढल्केबर, धनुषा प्रदेश नं २, नेपाल

हरि नारायण महतो
नगर प्रमुख



३१.